सिदिङ्वा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
साब्लाखु, ताप्लेजुङ
१ नं. प्रदेश नेपाल

अध्यक्ष -९८०७९२८५५५
उपाध्यक्ष -९८५२६८११७१
प्र. प्र. अ.-९८५२६६०१५३

सूचना नं. ६६-२०७७/०७८

मितिः २०७८/०३/२९

## बिषयः कोरोना प्रकोप रोकथाम बारे।

प्रस्तुत विषयमा यस गाउँपालिका स्थित वडा नं. ६, मेहेलमा मिति २०७८/०३/२८ गते गरिएको एन्टिजेन परीक्षण बाट १७ जना र वडा नं. ४, साब्लाखुमा मिति २०७८/०३/२९ गते गरिएको एन्टिजेन परीक्षण बाट १२ जना संक्रमित देखिएको र पछिल्लो दिनमा दिन प्रतिदिन संक्रमणको दर बढ्दै गइरहेकोले गाउँ कार्यपालिकाको बैठक संख्या ८९-१७-२०७७।०७८ मिति २०७८।०३।२९ गतेको बैठकमा देहाय बमोजिम निर्णय भएकोले आबश्यक कार्यान्वयनको लागि अनुरोध छ।

१. पछिल्लो चरणमा साब्लाखुमा बृद्धि भई रहेको संक्रमितको संख्या र मेहेलेमा २०७८।०३।२८ गते गरिएको परीक्षणमा एकै दिन १७ जना संक्रमित देखिएकोले **अर्को ब्यबस्था नभईन्जेल सम्मको लागि सिंगो गाउँपालिका सिल गर्ने।**

२. गाउँपालिकाको केन्द्र रहेको भञ्ज्याङ बजार **अर्को ब्यबस्था नभईन्जेल सम्मको पुर्ण रुपमा बन्द गर्ने।**

३. पछिल्लो चरणमा यातायातका साधनहरु (बिशेष गरी ट्याक्टर) अनियन्त्रित रुपमा आवतजावत भएकोले **बिरामी बोकेको सवारी साधन बाहेक अन्य सवारी साधनहरु पनि बन्द गर्ने।**

४. मिति २०७८।०३।२४ को कार्यपालिकाको निर्णयानुसार कोरोना प्रभावित क्षेत्रमा जनप्रतिनिधि, कर्मचारी, स्वास्थ्यकर्मी, सूरक्षाकर्मीको उपस्थितिमा **आवश्यक प्रचार प्रसार गर्ने कार्यलाई निरन्तरता दिने।**

५. वडा निगरानी समुह, शिक्षक, बुद्दिजिवि, नागरिक समाज, महिला स्वास्थ्य स्यवंसेविकाले संक्रमित तथा निजहरुको सम्पर्कमा आएका ब्यक्तिहरुलाई **होम आइसोलेसनमा बसे नबसेको निगरानी गर्ने**, होम आइसोलेसनमा बस्न अनुरोध गर्ने तथा सो बारे गाउँपालिकामा जानकारी गराउने।

६. संक्रमितहरु तथा निजको सम्पर्कमा आएका ब्यक्तिहरुले जथाभावी हिँडडुल गर्ने, वेवास्ता गर्ने, सम्झाउँदा नटेर्ने भएकाले सूरक्षाकर्मीको पहलमा **होम आइसोलेसनमा बस्न लगाउने, नटेरेमा कानून बमोजिम कारबाही गर्ने।**

७. गाउँघरमा हुने अनाबश्यक हिंडडुल, जमघट, खेलकुद, बिहे भोज भतेर पास्नी ब्रतबन्ध जस्ता गतिबिधि **अर्को सूचना नआइन्जेल सम्मको लागि बन्द गर्ने।**

सुमन लिङ्देन (लिम्बु)
प्रमुख प्रशासकीय अधिकृत

कोरोनाबाट आफू पनि बाँचौ, अरुलाई पनि बचाऔं
मास्क लगौं, सामाजिक दूरी कायम गरौं,
अनाबश्यक हिंडडुल बन्द गरौं, होम आइसोलेसनमा नै बसौं